# जोरायल गाउँपालिका

## आर्थिक वर्ष २०७५/७६

## को बजेट वक्तव्य

जोरायल गाउँपालिका

जोरायल गाँउकार्यपालिकाको कार्यालय

रावतकट्टे, डोटी

२०७५

# गाउँसभाको बैठकमा २०७५ साल असार २२ गते

# शुक्रबार

# उपाध्यक्ष श्री जमुना बोहराद्वारा प्रस्तुत

# आ.व. २०७५/०७६ को

# जोरायल गाउँपालिकाको बजेट वक्तव्य

जोरायल गाउँपालिका

जोरायल गाउँ कार्यपालिकाको कार्यालय

रावतकट्टे, डोटी

२०७५

अध्यक्ष महोदय,

1. सार्वभौमसत्तासम्पन्न जनताको विकासको चाहनालाई मुर्त रुप दिन मुलुकभरि ७५३ वटा स्थानिय तहको गठन भएको छ । हाम्रो वर्तमान जटिल एवं चुनौतिपूर्ण भएतापनि विगत गौरवपूर्ण छ र हाम्रो भविष्य उज्जवल र सम्भावनायुक्त छ। आज असार २२ गते, म यस गाँउपालिकाको उपाध्यक्षका हैसियतले यस गरिमामय सभामा आर्थिक वर्ष २०७५/०७६को वार्षिक बजेट पेश गर्न उभिएको छु । यस गौरवपुर्ण अवसरमा नेपालमा लोकतान्त्रिक पद्धति स्थापना गर्न आफ्नो ज्यान उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, घाइते र बेपत्ता नागरिकहरुप्रति सम्मान प्रकट गर्दछु । राजनीतिक-सामाजिक परिवर्तनमा नेतृत्वदायी एवं सहयोगी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आदरभाव प्रकट गर्दछु।
2. डोटी जिल्लाका गाउँपालिका मध्ये सबैभन्दा बढी जनसंख्या र क्षेत्रफल भएको जोरायल गाउँपालिकाको सबै भन्दा ठुलो सबल पक्ष यसको मानव संसाधान रहेको छ । यसका अतिरिक्त यस गाउँपालिकामा रहेका नदी नाला, वन, कृषी योग्य भूमिले यस गाउँपालिकाको विकासलाई सकारात्मक दिशा तर्फ डोऱ्याउन सहयोग गर्ने विषयमा दुई मत छैन ।
3. यद्यपी यस गाउँपालिकामा विद्यमान गरिबी, अशिक्षा, पर्याप्त सञ्चार सुविधाको अभाव, उद्योग कलकारखानाको अभाव, सरसफाई सम्बन्धी जनचेतनाको अभाव, परम्परागत र निर्वाहमुखि कृषि प्रणाली, सडक सञ्जालको अपेक्षाकृत विस्तार नहुनु, विद्युत सेवाको आशातित रुपमा विस्तार नहुनु, सक्षम मानव संसाधनको विदेश पलायन, बाल विवाह आदि यस गाउँपालिकाका प्रमुख समस्याका रुपमा रहेका छन् ।
4. स्थानिय तहको निर्वाचन सम्पन्न भए पश्चात यस गाउँपालिकामा समेत राजनीतिक नेतृत्वको अभावमा लामो समयसम्म विद्यमान रहेको राजनीतिक शुन्यताको अन्त्य भएको छ । स्थानिय शासन र विकास निर्माणमा प्रत्येक नागरिक आफै संलग्न हुने वातावरण बनेको छ । राजनीतिक प्रणालीप्रति नागरिकको भरोसा पुनर्स्थापित हुने क्रममा रहेको छ ।

   **अध्यक्ष महोदय,**
5. **चा**लु आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धिदर ५.९ प्रतिशत हुने प्रक्षेपण गरिएको भएता पनि यस गाउँपालिकाको आर्थिक वृद्धिदर मापन गर्ने प्रणाली हाल विकास हुन सकेको छैन ।
6. यी आदि अवसर, समस्या र सम्भावना बिच जोरायल गाउँपालिकाका चुनौतिहरु निम्नानुसार रहेका छन् :

   क) संघीयता कार्यान्वयनमा सकारात्मक भूमिका निर्वाह गर्न आवश्यक संस्थागत, प्रविाधिक, स्रोत परिचालन गर्नु र राजनीतिक क्षमता अभिवृद्धि गर्नु ।

   ख) आयोजना कार्यानवयन क्षमता वृद्धि गर्नु ।

   ग) आन्तरिक उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।

   घ) कृषिलाई व्यवसायमुखि बनाउनु ।

   ङ) युवा जनशक्तिको विदेश पलायन रोक्नु ।

**अध्यक्ष महोदय,**

८। हाम्रा सामु विभिन्न चुनौतिहरु रहेता पनि यी चुनौतिहरुको सामना गर्न र विद्यमान अवसरहरुको सदुपयोग गर्ने गरि आ.व. २०७५/०७६ को बजेट तयार गरिएको छ । यो बजेटका उद्देश्यहरु यसप्रकार रहेका छन् :

क) गरिबि न्युनिकरण गर्नु,

ख) दिगो र समावेशी आथिृक वृद्धि हासिल गर्नु

ग) आधारभुत स्वास्थ्य सुविधामा सबैको पहुँच सुनिश्चित गर्नु,

घ) आधारभुत पुर्वाधारहरु -सडक, खानेपानी, सिंचाई को सुनिश्चितता गर्नु,

ङ) सार्वजनिक सेवाप्रवाहलाई गुणस्तरीय बनाउनु ।

९। यी उद्देश्यहरु हासिल गर्नका लागि आगामि आ.व. को बजेटका प्राथमिकताहरु देहाय बमोजिम निर्धारण गरिएको छ :

क) रोजगारीका अवसरहरुमा वृद्धि,

ख) उत्पादन र उत्पादकत्वमा वृद्धि,

ग) कृषिको आधुनिकिकरण र व्यवसायिकरण

घ) सडकको निर्माण र स्तरोन्नति

ङ) शिक्षा, स्वस्थ्य, खानेपानीमा लगानी

च) महिला, दलित,बालबालिका एवं अल्पसंख्यकको संरक्षण र सम्बर्द्धन ।

छ) कला, संस्कृतिको संरक्षण एवम् सम्वर्द्धन ।

**अध्यक्ष महोदय,**

१०) अब म यिनै चुनौति, उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको आ.व. २०७५/०७६ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**आधुनिक कृषि : गरिबि न्यूनिकरणको प्रमुख आधार**

११) दुई तिहाई भन्दा बढी जोरायल बासीको प्रमुख पेशाको रुपमा रहेको कृषिको व्यावसायिकरण र आधुनिकिकरण विना जोरायल गाँउपालिकाको विकासको सपना पूरा हुन सक्दैन । त्यसैले निवार्हमुखी कृषि प्रणालीलाई व्यवसायमखि कृषिमा रुपान्तरण गरि गरिबि न्यूनिकरण गर्न कृषि क्षेत्र तर्फका कार्यक्रमलाई थप परिष्कृत गर्ने जमर्को गरिएको छ ।

१२) **अध्यक्ष कृषि विकास कार्यक्रम** अन्तरगत स्थानविशेषको सम्भाव्यताका आधारमा पकेट विस्तार कार्यक्रम सञ्चालन गरिनेछ। एक वडा एक उत्पादनको नीति अंगिकार गर्दै वडा नं १ र २ मा तरकारी खेती, वडा नं ३ र ४ मा जोरायली बासमती, वडा नं. ५ मा फलफूल खेती र वडा नं ६ मा मौरी पालनका अथाहा सम्भावनालाई उजागर गरिनेछ। यसका लागी रु २४ लाख विनियोजन गरिएको छ।

१३) आधुनिक मौरी घार, फलामे ट्रस सहितको प्लाष्टिक घर, थोपा सिंचाई प्रविधि जस्ता आधुनिक प्रविधि, र उपकरण हस्तान्तरण र वितरण गरिनेछ ।

१४) परम्परागत र निर्वाहमुखि कृषि प्रणालीलाई प्रतिस्थापन गरी आधुनिक कृषि प्रणालीको विकास गर्ने प्रयासको थालनी गर्न  सामुहिक खेति पद्धतिलाइ pilot project को रुपमा सञ्चालन गरिनेछ। यसका लागी रु २ लाख ४० हजार विनियोजन गरिएको छ ।

१५) पशुपालनलाई जनताका आधारभुत आवश्यकता पुरा गर्ने माध्यमका रुपमा विकास गर्नुका साथै व्यावसायिकरण तर्फ उन्मुख गर्नका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछन् । समय समयमा निःशुल्क भ्यक्सिन दिने व्यवस्था गर्नुका साथै अनुदानमा घाँसे विउ वितरण गर्ने व्यवस्था मिलाइनेछ । साथै निःशुल्क पशु स्वास्थ्य शिविर समेत सञ्चालन गरिनेछ ।

१६) गाइपालन पकेट क्षेत्र स्थापना गर्ने प्रयास स्वरुप १० जना कृषकलाई ७५ प्रतिशत अनुदानमा जर्सि क्रस कोरेली वितरण गरिनेछ । भैसी विकास कार्यक्रम अन्तरगत नश्ल सुधार गर्न मुर्रा क्रस रागो खरिदका लागी अनुदान दिइनेछ ।

१७) अण्डामा आत्मनिर्भर हुन र मासुको समेत आपूर्ति व्यवस्थापनमा सहयोग पुऱ्याउन १२० परिवारलाई  डियोल प्रपोज कुखुराका चल्ला वितरण गरिनेछ । यसका लागी रु ७ लाख ४१ हजार विनियोजन गरिएको छ । ६ वटा कखुरा फार्मलाई समेत फार्म सुधार गर्न रु २५ हजारका दरले अनुदान दिइनेछ । १० वटा व्यावसायिक बाखा फार्मलाई फार्म सुधार अनुदान दिइने छ । यसका लागी रु ८ लाख विनियोजन गरिएको छ । बोयर श्रोत केन्द्र सञ्चालन अनुदानका लागी रु ३ लाख बिनियोजन गरिएको छ ।

१८) एकल महिला, दलित, जनजाति तथा पिछडा वर्ग लक्षित बाखापालन कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागी रु ६ लाख बिनियोजन गरिएको छ ।

१९) कृषि र  पशुपंक्षी क्षेत्रतर्फका कार्यक्रमहरुका लागि रु १ करोड ६२ लाख ८९ हजार विनियोजन गरिएको छ ।

## दिगो विकास र समृद्धिको आधार : पूर्वाधार

**सिचाई :**

२०) पर्याप्त सिंचाईको सुविधा विस्तार गरे मात्रै कृषि क्रान्ति सफल हुन सक्ने तथ्यलाई हृदयंगम गर्दै सिंचाईमा  लगानी गरिनेछ । सशर्त अनुदान सहित सिंचाईका लागि रु ४० लाख विनियोजन गरिएको छ ।

**सडक यातायात :**

२१) समग्र आर्थिक-सामाजिक क्रियाकलापहरुलाई विस्तार गर्ने र  सेवा प्रवाहमा पहुँच वृद्धि गर्ने माध्यमका रुपमा रहेको सडक पूर्वाधार निर्माण कार्यलाई प्राथमिकतामा राखिएको छ । यसकालागि सडक स्तरोन्नति गरिनुका साथै प्रत्येक वडाहरुमा  नयाँ ट्रयाक खोल्ने कार्यलाई तिब्रता दिइनेछ । चुचुनढुंगा निरौली सडकका लागी रु ८ लाख, हगुल्टे घण्टेश्वर सडकका लागी रु १० लाख, जोरायल सहजपुर सडकका लागी रु १० लाख, भिमदत्त पन्त स्मृति सडकका लागी रु १० लाख, जोरायल मणीपुर सडकका लागी रु १० लाख, जोरायल खसरे सडकका लागी रु १० लाख र जोरायल गडसेरा सडकका लागी रु १० विनियोजन गरिएको छ । समग्रमा स्थानीय सडक र पुलका लागी रु १ करोड ५९ लाख ९५ हजार विनियोजन गरिएको छ ।

**उर्जा**

२०) यस गाउँपालिकामा विद्युतको पहुँच नपुगेका विभिन्न स्थानमा  विद्युत पहुँच सुनिश्चित गर्न नेपाल विद्युत प्राधिकरणसँग सहकार्य गरिनेछ । विद्युत विस्तारका लागी ३ नं. वडामा रु ४ लाख, ४ नं. वडमा रु ५ लाख विनियोजन गरिएको छ । यसै गरि ६ नं वडामा ढुंगे बजार लघु जल विद्युत आयोजनका लागि रु ७ लाख, वगिडा विद्युत टरबाइन खरिदका लागि रु ४ लाख विनियोजन गरिएको छ ।

**भवन :**

२१) प्रभावकारी सेवा प्रवाहका लागी पर्याप्त पुर्वाधार हुनुपर्ने भएकाले गाउँकार्यपालिका र अध्यक्ष निवासका लागि रु १ करोड ५२ लाख विनियोजन गरिएको छ ।

## मानविय क्षमताको आधार : शिक्षा पूर्वाधार

२२) शिक्षित जनशक्तिले गाउँ निर्माण मात्र नभई समग्र राष्ट्र निर्माणमा नै निर्णायक र महत्वपूर्ण भूमिका खेल्न सक्ने तथ्यलाई  हृदयंगम गर्दै नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान सहित रु १५ करोड ६ लाख २९ हजार विनियोजन गरिएको छ ।

२३) सम्पुर्ण बालबालिकाहरुलाई **विद्यालय ल्याऔ, टिकाऔ र सिकाऔ** अभियान सञ्चालन गर्न गुणस्तरीय र जिवन उपयोगी शिक्षा प्रदान गर्ने विषयलाई जोड दिइने छ । शिक्षामा गुणस्तर ल्याउन विभिन्न २९ वटा विद्यालयलाई रु ६६ लाख अनुदान दिइनेछ । वालविकास केन्द्र विद्यालय संरचनामा आइसकेको अवस्थामा हाल सम्म बालकक्षा सञ्चालन नभएका विद्यालयहरुमा नया बालविकास केन्द्र स्थापनाका लागी रु ७ लाख ५२ हजार विनियोजन गरिएको छ । बालविकास केन्द्रलाई बालमैत्री कक्षा सञ्चालन गर्न रु ४ लाख ९० हजार बराबरको सामाग्री वितरण गरिनेछ । विद्यालयलाई छात्रा मैत्री बनाउने प्रयास स्वरुप विभिन्न विद्यालयहरुलाई रु १ लाख ७० हजार बराबरको स्यानेटरी प्याड उपलब्ध गराइनेछ ।

२४) विद्यालयहरुलाई सूचना प्रविधियुक्त बनाइनेछ । यसकालागी विद्यालयहरुलाई कम्प्युटर उपलब्ध गराइनुका साथै ५ वटा विद्यालयहरुमा ई हाजीरीको व्यवस्था गरिनेछ ।

**स्वास्थ्य सेवा** :

२५) सबै जोरायलवासीले आधारभूत स्वास्थ्य सेवा सहज र सरल ढंगले प्राप्त गर्ने गरि कार्यक्रमहरु सञ्चालन गरिनेछन् । यसका लागि रु ३ करोड ३९ लाख ८३ हजार विनियोजन गरिएको छ ।

२६) स्वास्थ्य संस्था तथा birthing centre , गाउँघर क्लिनिक, सामुदायिक स्वास्थ्य ईकाइलाइ स्रोत साधन सम्पन्न बनाउन रु ६ लाख ५० हजार बराबरको सामाग्री वितरण गरिनुका साथै रु ३३ लाख ५२ हजार अनुदान दिइनेछ ।

२८) जोरायल गाउँपालिकाले यस अघि वितरण गर्दै आएको विभिन्न ४२ प्रकारका निःशुल्क औषधीका लागि सशर्त अनुदानबाट नपुग हुने रकम रु ६ लाख वित्तिय समानिकरणबाट थप गरिएको छ ।

**महिला, बालबालिका तथा समाजकल्याण :**

२९) आधा आकाश ओगट्ने महिलाको श्रम, सीप र नेतृत्व कौशल विकास गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछन् । लैगिंक तथा घरेलु हिंसा निवारण , लैंगिक समानता र मानव बेचविखन

विरुद्धका अभियान सञ्चालन गरिनेछन् । लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लागी रु ५८ लाख २४ हजार विनियोजन गरिएको छ ।

## खानेपानी तथा सरसफाई

३२) नेपाल सरकारको आ.व. २०७५/०७६ को बजेटले आ.व. २०७५/०७६ लाई **राष्ट्रिय सरसफाई अभियान वर्षको** रुपमा मनाउने घोषणा गरेको परिप्रेक्ष्यमा सो अभियानमा ऐक्यबद्धता जनउदै यस गाउँपालिकाले खानेपानी तथा सरसफाईका लागि रु ६९ लाख ६३ हजार विनियोजन गरेको छ ।

## संस्कृति प्रवर्द्धन तथा संवर्द्धन :

३५) संस्कृति नै कुनै पनि स्थानको पहिचान र स्वाभिमान हो । यसै तथ्यलाई मनन गर्दै कला र संस्कृति प्रर्वद्धनका लागि प्रयास गरिनेछन् । चडेउला देवता मन्दिर निर्माण तथा तिहार मेला व्यवस्थापन गर्न रु ४ लाख, निरौली दशै घर निर्माणका लागि रु ५ लाख, छहरा मन्दिर निर्माणका लागि रु ५ लाख, पिपलकोटी केदार मन्दिर निर्माणका लागि रु ३ लाख विनियोजन गरिएको छ । समग्रमा संस्कृति प्रवर्द्धनका लागी रु ८१ लाख ३७ हजार विनियोजन गरिएको छ ।

## युवा तथा खेलकुद :

३७) युवाहरुमा रहेको जोस जाँगर र क्षमतालाई स्थानिय विकासमा परिचालन गरिनेछ । विदेश पलायन भईरहेका युवालाई उद्यमशिल बनाई स्थानिय तहमा रोजगारी सृजना गर्न युवा लक्षित कृषि कार्यक्रम सञ्चालन गरिनेछ ।

३८) अध्यक्ष कप लगायत अन्य गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिताका लागी रु १५ लाख ९५ हजार विनियोजन गरिएको छ ।

## वातावरण ,भू-संरक्षण तथा विपद व्यवस्थापन :

३९) वातावरण संरक्षण बिना गरिएको विकास दिगो र भरपर्दो हुन सक्दैन । त्यसैले वातावरण संरक्षणलाई विशेष महत्व दिइनेछ ।

४०) जोरायल गाउँपालिका भित्र वन तथा भू संरक्षणका लागि रु १२ लाख विनियोजन गरिएको छ । रंगेनी ताल संरक्षणका लागी रु १० लाख विनियोजन गरिएको छ ।

४१) विपदबाट भएका क्षतिको सामना गर्न र पुनर्स्थापनालाई सहज बनाउन विपद व्यवस्थापन कोषका लागि रु १० लाख विनियोजन गरिएको छ ।

## सेवा प्रवाह र सुशासनः

४२) सार्वजनिक सेवा प्रवाहलाई जनमैत्री र प्रभावकारी बनाउन आवश्यक कदम चालिनेछन् । प्रत्येक वडा कार्यालयमा ईन्टरनेटको सुविधा उपलब्ध गराईनेछ । पञ्जिकरण लाई अन लाईन प्रणालीमा आवद्ध गर्न आवश्यक पहल गरिनेछ ।

४३) सार्वजनिक महत्वका विषयलाई पारदर्शि बनाउन र सेवाप्रवाहमा आवश्यक सुधारका लागि पृष्ठपोषण प्राप्त गर्न प्रत्येक चौमासिकको अन्त्यमा सार्वजनिक सुनुवाईको व्यवस्था गरिनेछ ।

**अध्यक्ष महोदय,**

४४) अब म बजेटको विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना प्रस्तुत गर्दछु ।

४५) आ.व. २०७५/०७६ का लागि ३३ करोड २३ लाख १७ हजार रुपैयाँ विनियोजन गरिएको छ। कुल विनियोजन मध्ये चालुतर्फ २५ करोड ११ लाख ६२ हजार २८१ रुपैया अर्थात ७५.५८ प्रतिशत र पूँजीगततर्फ रु ८ करोड ११ लाख ५४ हजार ७१९ रुपैया अर्थात् २४.४२ प्रतिशत रहेको छ।

४६) आ.व. २०७५/०७६ का लागि खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु १० लाख, नेपाल सरकारबाट प्राप्त अनुदानबाट रु ३२ करोड १३ लाख ८१ हजार र प्रदेश सरकारबाट ९९ लाख ३६ हजार रुपैया रहेको छ ।

**अध्यक्ष महोदय ,**

४७) यस बजेटको कार्यान्वयनबाट यस गाउँपालिकाको सामाजिक आर्थिक विकासमा उल्लेख्य योगदान पुग्ने विश्वास गर्न सकिन्छ।

४८) प्रस्तुत बजेट तर्जुमामा मार्ग निर्देशन गर्नुहुने आदरणीय अध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु, जोरायल गाउँकार्यपालिका तथा गाउँसभा सदस्यज्यूहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधिज्यूहरु, राष्ट्रसेवक कर्मचारी, वुद्धिजीवि, निजी क्षेत्रका संघ संगठनहरु, नागरिक समाज तथा सामुदायिक संस्था , सामाजिक संगठनहरु, पत्रकार र विदेशमा रहनु भएका जोरायल गाउँपालिकाका दिदीबहिनी तथा दाजुभाईहरु सबैलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु।

४९) अन्त्यमा यस गाउँपालिकाको विकासमा योगदान पुऱ्याउनुहुने आम नागरिक, विकास साझेदार , र अन्य सरकारी तथा गैरसरकारी संघ संस्थाप्रति हार्दिक आभार व्यक्त गर्दछु।

५०) जोरायल गाउँपालिकाका समस्या धेरै छन् र यिनको समाधान हामीसबैको सामूहिक प्रयासबाट मात्रै सम्भव छ । त्यसैले आउनुहोस सबै एकजुट होऔ र जोरायलको मुहार फेर्ने अभियानमा सहभागि बनौं। विगतका गल्तिबाट पाठ सिकौ, वर्तमानमा सुधार गरौ र भविष्यप्रति आशावादी बनौं।

## धन्यवाद !